# लालीगुराँस नगरपालिका बसन्तपुर तेह्रथुम
# मेयरसंग किसान  कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५

**प्रस्तावना**

नगरवासीहरुले भोग्नु परेको कष्टकर समस्याको रुपमा रहेको विद्यमान गरिबीलाई निवारण गरी विपन्न नगरिकको आर्थिक, सामाजिक स्तरलाई माथि उठाउनु नै हाम्रो सामु सबैभन्दा ठूलो चुनौती रहेको छ । आठौं योजनाकालदेखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्य राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । सोही अनुरुप विपन्न तथा जाँगरिला किसान परिवारहरुलाई लक्षित गरी लालीगुराँस नगरपालिकाले २०७५ सालदेखि नगरपालिकाका सबै वडाहरुमा मेयरसंग किसान कार्यक्रम सञ्चालन  गरिदै छ । गरिबी निवारणका लागि कृषि कार्यक्रमका माध्यमबाट गरिबहरुलाई आर्थिक, सामाजिक साधन एवं स्रोत र सुविधाहरुमा पहुँच बढाउनु आवश्यक रहेको छ । जसले गरिबहरुको आत्मविश्वास बढ्नुका साथै विकास प्रक्रियाको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा सक्रिय सहभागिता हुन गई तिनीहरुलाई मूलप्रवाहमा संलग्न हुन सक्ने अवसर प्रदान गर्दछ । उक्त कुरालाई आत्मसात गर्दै मेयरसंग किसान कार्यक्रमले आर्थिक रुपले विपन्न तथा जाँगरिला किसान परिवारहरुलाई विकास प्रक्रियामा संलग्न हुने अवसर सिर्जना गर्न खोजेको छ । यस कार्यक्रमलाई गरिवी निवारणका लागि लक्षित गरेर सञ्चालित अन्य कार्यक्रमहरुसँग निकटतम र समन्वयात्मक सम्बन्ध राख्दै सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) को प्रकरण “ण,द” तथा लालीगुराँस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा(४) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाले यो निर्देशिका वनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नामः “मेयरसंग किसान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५” रहेको .छ।

(ख) यो निर्देशिका लालीगुराँस नगरकार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) “नगरपालिका” भन्नाले लालीगुराँस नगरपालिका बसन्तपुर तेह्रथुमलाइ जनाउँ छ र सो शब्दले नगरकार्यपालिका समेतलाई जनाउँ छ ।

(ख) “समूह/संस्था” भन्नाले यस निर्देशिकामा ब्यवस्था भए वमोजिम गठन भइ दर्ता भएका समूहलाई जनाउँ छ ।

(ग) “जनप्रतिनिधि” भन्नाले नगरपालिकामा निर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा नगरसभा सदस्यलाई जनाउँ छ ।

## ३. उद्देश्यः

कार्यक्रम संचालित क्षेत्रका विपन्न तथा जाँगरिला किसान परिवारको स्वरोजगार सिर्जना गर्नु तथा आयमूलक क्रियाकलापहरुको माध्यमद्वारा सामाजिक, आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिवीको रेखाबाट माथि उठाई स्वाबलम्वनतर्फ अग्रसर गराउनु यसको मूलभूत उद्देश्य रहेको छ । यसका अतिरिक्त अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार छन्:

३.१ सामाजिक परिचालनका माध्यमबाट विपन्न किसान परिवारलाई संगठित हुने अवसर सिर्जना गर्ने ।

३.२ स्थानीय स्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।

३.३ आन्तरिक बचत संकलन र परिचालन गर्न उत्प्रेरित गर्ने।

३.४ कृषि प्रसार, प्रविधि बजार व्यवस्थापन र बजार प्रणाली आदिसँग गरिबको पहुँच बढाउने ।

३.५ आय अभिबृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासँग गरिबको पहुँच बढाउने ।

३.६ अर्गानिक कृषि उत्पादनको अभिबृद्धि गर्दै कृषिजन्य उद्यमबाट स्वरोजगार सिर्जना गर्ने ।

३.७ किसानलाई ब्यवसायिक रुपले पशुपालन गर्न उत्प्रेरित गर्ने ।

३.८ निर्णय प्रक्रियामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुन अवसर सृजना गरी उनीहरुको आत्मविश्वास बढाउँदै सशक्तीकरण गरिनुका साथै स्वावलम्बी हुन अग्रसर गराउने ।

## ४. <u>कार्यक्रम कार्यान्वयन गर्दा देहायका कार्यनीतिहरुको अवलम्वन गरिने छः</u>

४.१ नगरपालिकाको निर्णय अनुसार समूह/संस्थाको माग र आवश्यक्तालाई आधार मानी कार्यक्रम संचालन गरिने छ ।

४.२ यसरी संचालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण नगरपालिका कार्यालय तथा वडा कार्यालयवाट गरिने छ ।

४.३ सहभागितात्मक विधिवाट विपन्न किसान परिवारको पहिचान गरिने छ ।

४.४ विपन्न किसान परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समूह तथा सामुदायिक संस्थामा संगठित हुन उत्प्रेरित गरिने छ ।

४.५ समूह/संस्थामा संलग्न व्यक्तिहरुलाई आधारभूत तालिममा संलग्न गराइने छ ।

४.६ स्वेच्छिक रुपमा सामूहिक बचत संकलन र परिचालन गर्न सक्रिय गराइने छ ।

४.७ आय अभिवृद्धिका क्रियाकलाप तथा कृषिमा आधारित लघु उद्यम, उन्नत जातको वीउविजन तथा उन्नतजातको पशुधन खरिद/ नश्ल सुधार र कृषिमा आधारित प्रविधि खरिद गर्नका लागि समूहको माग र स्रोतको उपलब्धतालाई मध्यनजर गरी समूह/संस्थालाई घुम्तीकोष तथा अनुदान उपलब्ध गराइने छ ।

४.८ सीप अभिवृद्धि तथा विकासका लागि सीप विकास तालिमहरुसँग पहुँच बढाइने छ ।

४.९ समूह/संस्थाका योजनाहरुलाई स्थानीय तहको सहभागितामूलक योजना प्रक्रियासँग आवद्ध गराइने छ।

४.१० संस्थागत अनुगमन व्यवस्थालाई क्रियाशिल गराइने छ ।

## ५. <u>कार्यक्रम संचालन गर्दा देहाय अनुसार गरिने छः</u>

५.१ यो कार्यक्रमको संचालनका लागि नगरपालिकाले आवश्यक नीतिगत तथा वजेट ब्यवस्था गर्नेछ, विनियोजित वजेटवाट समूह/संस्थामा घुम्तीकोष परिचालन, प्रविधि हस्तान्तरण तथा सीप विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ । उक्त नीतिगत ब्यवस्थाको परिधिभित्र रही सामाजिक परिचालक, कृषि प्राविधिक र पशु स्वास्थ्य प्राविधिकहरुले समुदाय स्तरमा कार्यक्रम सञ्चालन गर्ने छन ।

५.२ यो कार्यक्रम संचालनमा आवश्यक समन्वय, सहजीकरण तथा समुदायमा खटिइ काम गर्ने कर्मचारीको क्षमता विकास सम्वन्धी कार्यको जिम्मेवारी नगरपालिकाको सामाजिक परिचालन शाखाको काम गर्न तोकिएको कर्मचारीलाई दिइने छ ।

५.३ यस कार्यक्रमको अनुगमन जनप्रतिनिधिहरु तथा नगरपालिका कार्यालयवाट समय समयमा हुने छ । अनुगमनका क्रममा दिइएका सुझाव तथा पृष्ठपोषणको पालन गर्नु समूह/संस्था र सम्वन्धित कर्मचारीको कर्तब्य हुने छ ।

५.४ यस कार्यका लागि नगरपालिकाको निर्णयले आवश्क्ता अनुसार थपघट गर्न सकीने गरी देहायका कर्मचारीहरु कार्यक्रम अवधिभरका लागि करारमा नियुक्त गरिने छ। सहायक स्तरका कर्मचारीहरु प्रत्येक वडामा १/१ जनाका दरले नियुक्ति गरिने छ ।

(क) पशुस्वास्थ्य चिकित्सक, सामाजिक परिचालन विज्ञ तथा अन्य विषय विज्ञ आवश्क्ता अनुसार परामर्श सेवा अन्तरगत लिइने छ ।

(ख) सामाजिक परिचालक, सहायक स्तर

(ग) कृषि/पशुस्वास्थ्य प्राविधिक सहायक, सहायक स्तर

## ६. यस कार्यक्रमको कार्यान्वयन क्षेत्र देहाय अनुसार हुने छः

यो कार्यक्रम लालीगुराँस नगरपालिका क्षेत्रभर सञ्चालन तथा कार्यान्वयन गरिनेछ ।

## ७. यस कार्यक्रम संचालन गर्दा विपन्न कृषक परिवार छनोटका आधार यस प्रकार हुने छः

विपन्न कृषक परिवारको छनौट गर्दा यस नगरपालिकामा स्थायी वसोवास गर्ने, कृषि तथा पशुपालन पेशामा आवद्द, समूह/ संस्थामा आवद्द हुन चाहने जाँगरिला किसानहरु छनोटको प्रमुख आधार मानिने छ ।

## ८. यस कार्यक्रमका लागि सामाजिक परिचालक, कृषि प्राविधिक, पशु स्वास्थ्य प्राविधिकको नियुक्ति संवन्धी व्यवस्था र पारिश्रमिक देहाय बमोजिम हुने छः

८.१ यस कार्यक्रमका लागि निर्दिष्ट योग्यता पुगेको ब्यक्तिलाई सामाजिक परिचालक, कृषि प्राधिक तथा पशु स्वास्थ्य प्राविधिकमा नगरपालिकाको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले नियुक्त गरी काममा लगाइने छ।

८.२ सामाजिक परिचालक, कृषि प्राधिक तथा पशु स्वास्थ्य प्राविधिकको सेवा सुविधा मासिक पारिश्रमिक रु १३०००। (तेह्रहजार) हुने छ र उक्त रकम मेयरसंग किसान कार्यक्रम वाट भुक्तानी गरिने छ । मासिक परिश्रमिक वाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन र दावी गर्न पनि पाइने छैन । तर कार्यालयको पूर्वस्वीकृति लिइ खटाइएको कार्यक्षत्र भन्दा वहिर जाँदा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छ ।

## ९ . सामाजिक परिचालक, कृषि प्राविधिक, पशु स्वास्थ्य प्राविधिकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुने छः

(क) नगरपालिका र स्थानीय समुदाय प्रति पूर्ण जवाफदेही हुनु पर्ने ।

(ख) तोकिएका मापदण्डका आधारमा विपन्न किसान परिवारको छनौट गर्न सघाउने ।

(ग) विपन्न किसान परिवारलाई समूहमा आवद्द हुन उत्प्रेरित गर्ने ।

(घ) समूह/संस्थाका सदस्यहरुलाई अर्गानिक कृषि उत्पादन तथा उन्नतजातका ब्यवसायिक पशुपालन गर्न आवश्यक तालिमको व्यवस्था गरी तालिम आयोजना गर्ने।

(ङ) समूह/संस्थाका सदस्यहरुको बचत संकलन, परिचालनमा उत्प्रेरित गर्ने, खाता, पासबुक लेखा व्यवस्थित गर्न सघाउने ।

(च) समूह/संस्थाका प्रतिभाशाली व्यक्तिहरुलाई तिनिहरुको प्रतिभा अनुसार सीप विकास प्रवर्धनतर्फ क्रियाशील गराउने ।

(छ) समूहलाई आय अभिवृद्धिको क्रियाकलापमा संलग्न गराउने ।

(ज) समूह/संस्थाको वार्षिक योजना तर्जुमा गरी तदनुसार कार्यक्रम गर्न प्रयत्नशील रहने ।

(झ) समूह/संस्थाको योजनालाई स्थानीय तहको योजनासँग समन्वय राखी स्थानीय तहको योजनामा समावेश गर्ने, गराउने ।

(ञ) सामुदायिक क्रियाकलाप र पूर्वधार निर्माणमा समूह/संस्थाका सदस्यलाई संलग्न गराउने र विषयगत निकायहरुसँग समन्वय राखी समूह/संस्थामा कार्यक्रम संचालन गर्ने गराउने।

(ट) समूह/संस्थाको नियमित बैठकमा भाग लिने र सहयोग पुर्‍याउने ।

(ठ) सामाजिक कुरीति हटाउन र सामाजिक जागरण ल्याउन सदैव प्रयत्नशील रहने ।

(ड) उत्कृष्ट समूह र सदस्यको मापदण्डका आधारमा पहिचान गरी पुरस्कारका लागि नगरपालिकालाई सिफारिस गर्ने ।

१०. <u>बाधा अड्काउ फुकाउनेः</u>

यस निर्देशिकाको सम्वन्धमा कुनै अस्पष्टता आएमा नगरकार्यपालिकाले सो सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउने छ ।

११. <u>खारेजी र बचाउः</u>

यस अघि विपन्न किसानहरु आवद्द भई समुदाय स्तरमा गठन भई नगरपालिकामा दर्ता भएका समूह/संस्थाहरु यसै निर्देशिका बमोजिम गठन भइ दर्ता भएको मानिने छ ।